# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९३, वर्ष ६, २०८१ जेष्ठ ६, May 19, 2024 आइतबार





स्वास्थ्य कार्यालय, मनाङ्गको आयोजनामा नवशिशु तथा बालरोगको एकीकृत ब्यवस्थापन सम्बन्धि स्वास्थ्यकर्मीहरूको लागि तालिम संचालन भएको छ।



स्वास्थ्य कार्यालय. म्याग्दीको आयोजनामा सामाजिक परिक्षण सम्बन्धि २ दिने तालिम सम्पन्न भएको छ। कार्यक्रममा स्वास्थ्य कार्यालय प्रमुख भुवन ठकुराठी, कार्यक्रम फोकल पर्सन गणेश सुवेदी र कदम म्याग्दीका हरि प्रसाद पौडेल लगायतले सहजिकरण गर्नुभएको थियो। कार्यक्रममा विभिन्न पालिकामा कार्यरत स्वास्थ्यकर्मीहरूको सहभागीता रहेको थियो।



ट्राफिक सप्ताह २०८१ को अबसरमा जिल्ला ट्राफ़िक प्रहरी कार्यालय, पर्वतको आयोजना, नेपाल रेडक्रस सोसाइटी, पर्वतको प्राबिधिक सहयोग तथा लायन्स क्लब अफ पर्वत गुसेश्वरको सहकार्यमा शिवालय चोकमा रक्तदान कार्यक्रम संचालन भएको छ।




सवारी चालक स्वास्थ्य जाच एबम क्यालेन्डर बिमोचन कार्यक्रम सम्पन्न भएको छ। टयाक्सी/अटो व्यवसायी अध्यक्षहरु नर बहादुर क्षेत्री, टेक बहादुर छेत्री, आई बहादुर नेपालीले संयुक्त रुपमा क्यालेन्डर बिमोचन गर्नु भएको थियो भने अतिथि मन्तव्य नेपाल पत्रकार महासंघ पर्बतका अध्यक्ष सन्तोष थापा, स्वागत मेसु डाक्टर हेमन्त वास्तोला, संचालन डाक्टर दिपक रेग्मीले गर्नु भयो ।

# साप्ताहिक समाचारपत्रिका

अंक १९३, वर्ष ६, २०८१ जेष्ठ ६, May 19, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




स्वास्थ्य तालिम केन्द्र, गण्डकी प्रदेश पोखराको आयोजना तथा NSI को प्राविधिक सहयोगमा पोखरा स्वास्थ्य बिज्ञान प्रतिष्ठानमा ECCT तालिम संचालन भएको छ।




जिल्ला आयुर्बेद स्वास्थ्य केन्द्र, मनाङ्गको आयोजनामा स्वस्थकर जीवनशैली प्रवर्द्धनमा गृहिणीहरुका लागी भान्सा सुधार कार्यक्रम सम्पन्न भएको छ ।

"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"



जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, लमजुङको आयोजनामा मानव सेवा आश्रम वेसीशहर, लमजुङमा जेष्ठ नागरिक आरोग्य सेवा कार्यक्रम आयोजना गरि सम्पन्न गरिएको छ। उक्त अवसरमा आश्रममा आश्रीत जेष्ठ नागरिकहरुको ब्लड सुगर परिक्षण, रक्तचाप परिक्षणका साथै अन्य स्वास्थ्य परिक्षण समेत गरि स्वास्थ्य वर्धक तथा रसायन आयुर्वेद औषधिहरु च्यावनप्रास, आमलकी चुर्ण, अश्वगन्धा चुर्ण, दशमुल तेल समेत वितरण गरिएको थियो भने सो अवसरमा ३० जनाले सेवा लिएका थिए।



# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९३, वर्ष ६, २०८१ जेष्ठ ६, May 19, 2024 आइतबार




अन्तराष्ट्रिय नर्श दिवसको उपलक्ष्यमा पोखरा स्वास्थ्य बिज्ञान प्रतिष्ठानमा बिबिध कार्यक्रमको आयोजना भएको छ।



बागलुङ नगरपालिकालाई पुर्णखोपको दिगोपना सुनिश्चित गरिएको छ। यस पालिका मातहतका वडाहरुले पुर्णखोप दिगोपनाका लागि गर्नुपर्ने सम्पुर्ण प्रकृया पुरागरी प्रमाणिकरणका लागि पालिका खोप समन्वय समितिमा सिफारिश गरिएकोमा बैठकले मातहतका वडाहरुलाई प्रमाणीकरण गरको हो। सो कार्यमा संलग्न सबै स्वास्थ्यकर्मी र सहयोगीहरुलाई नगर प्रमुख बसन्त कुमार श्रेष्ठले धन्यबाद ब्यक्त गर्दै यो कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धाता ब्यक्त गर्नु भयो। बागलुङ नगरपालिकालाई पुर्ण खोप प्रमाणिकरण गर्न पालिका खोप समन्वय समितिले जिल्ला स्तरिय खोप समन्वय समितिमा सिफारिस गरि पठाइएको छ।



कावासोती नगरपालिका, आयुर्वेद शाखा, नवलपरासी पूर्वको आयोजनामा निशुल्क आयुर्वेद स्वास्थ्य शिविर संचालन भएको छ।



# साप्ताहिक समाचारपत्रिका

अंक १९३, वर्ष ६, २०८१ जेष्ठ ६, May 19, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




मर्स्याङदी गाउँपालिका, वडा नं. ७, लमजुङ्गको आयोजनामा भुलभुले स्वास्थ्य चौकी र ताराचोक सामुदायिक स्वास्थ्य इकाईको प्राबिधिक सहयोगमा जन्मजात अपाङगता निरुपण सम्बन्धी समुदाय स्तरिय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन भएको छ।



बारपाक सुलिकोट गाउपालिका, वडा नं. ७, गोरखाको आयोजनामा महिला सामुदायिक स्वास्थ्य स्वयम सेविका, जनप्रतिनिधि, स्वास्थ्यकर्मी, स्वास्थ्य ब्यबस्थापन समिति र वडाको कर्मचारीहरुको भच्चेक, नम्कि होमस्टे, लिगलिगकोट, च्यङ्लिङ स्वास्थ्य चौकि र कामधेनु गाई पालन केन्द्रको भ्रमण सम्पन्न भएको छ।



मङ्गला गाउँपालिका, म्याग्दीको आयोजना तथा स्वास्थ्य कार्यालय, म्याग्दीको समन्वयमा १ दिने पालिका स्तरीय प्रशिक्षक प्रशिक्षण कार्यक्रम गाउँपालिकाको सभा हलमा सम्पन्न भएको छ। कार्याक्रमा गाउँपालिकाका स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरुको सहभागिता रहेको थियो। उक्त कार्यक्रममा स्वास्थ्य कार्यालय, म्याग्दीको तर्फबाट ज.स्वा.अ. राजेन्द्र सापकोटाले सहजीकरण गर्नुभएको थियो।



स्वास्थ्य कार्यालय, म्याग्दीको आयोजनामा परिवार नियोजन सेवाको सुदृढीकरण (सुक्ष्म योजना) कार्यक्रम मंगला गाउँपालिका, म्याग्दीमा सम्पन्न भएको छ।

**मानसिक स्वास्थ्य : सबैको अधिकार**

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

# सासाहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९३, वर्ष ६, २०८१ जेष्ठ ६, May 19, 2024 आइतबार




धौलागिरी आयुर्वेद औषधालय, बागलुङको आयोजनामा बलेवा आयुर्वेद औषधालयको स्थानिय सम्योजनमा बागलुङ नगरपालिका वडा नम्बर १३ मा सामुदायिक महिला स्वास्थ्य स्वय सेविकाहरुलाई आयुर्वेद सम्वन्धी अभिमुखिकरण कार्यक्रम संचालन भएको छ।



काहुँशिवपुर स्वास्थ्य चौकी, तनहुँको आयोजनामा सुत्केरी आमाको लागि सुत्केरीपश्चातको नियमित रूपमा घरभेट कार्यक्रम सन्चालन नियमित भैरहेको छ।



स्वास्थ्य कार्यालय, पर्वतको आयोजनामा यही मिति २०८१ साल जेठ १३ गतेदेखि देशव्यापी रुपमा संचालन हुन गईरहेको पोलियो रोग विरुद्धको आई.पि.भि. खोप अभियान २०८०/८१ सम्बन्धी १ दिने अभिमुखिकरण तथा योजना तर्जुमा गोष्ठी सफलतापूर्वक सम्पन्न भएको छ। २०७३ साल बैशाख देखि २०७५ साल असोज भित्र जन्मिएका बालबालिकाहरुलाई तत्कालिन समयमा खोपको अभाव भई आई.पि.भि. खोप लगाउन छुटेका बालबालिकाहरुलाई लक्षित गरी संचालन गर्न लागिएको यस अभियानद्वारा पोलियो रोगको जोखिममा रहेका बालबालिकाहरुलाई आई.पि.भि. खोप प्रदान गरी पोलियो रोगबाट हुन सक्ने अपाङ्गता तथा मृत्युबाट जोगाउनुको साथै पोलियो रोगलाई संसारबाटै उन्मूलन गर्ने उद्देश्य अनुरुप उक्त कार्यक्रम संचालन भएको थियो। स्वास्थ्य कार्यालय पर्वतका प्रमुख प्रबिण शर्माको अध्यक्षतामा संचालित उक्त कार्यक्रमको सहजिकरण स्वास्थ्य कार्यालय पर्वतका परिवार नियोजन सुपरभाइजर निरीक्षक नारायण प्रसाद रेग्मी र कोल्ड चेन निरीक्षक जयन्द्रमान गुरुङले गर्नुभएको थियो।

**मानसिक स्वास्थ्य : सबैको अधिकार**

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

# सासाहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९३, वर्ष ६, २०८१ जेष्ठ ६, May 19, 2024 आइतबार




सहिदलखन गाउँपालिका, गोरखाको आयोजनामा पालिकाको वडा ७ पुर्णखोप शुनिस्चितता भएको घोषणा गरिएको छ।



सिगाना स्वास्थ्य चौकि, बाग्लुङ्गको आयोजनामा गर्भवति, सुत्केरि तथा नवशिशुको पोषण पहुँचमा सहयोग उदेश्य सहित स्थापित स्वर्गिय दुर्गाकुमारी खड्का स्मृति सुरक्षित मातृत्व अक्षय कोषको बिधान अनुसार बा.न.पा ८ सिगानाका बिपन्न साथै प्रोटोकल अनुसार गर्भजाच गरेका ३ जना गर्भवति तथा सुत्केरि आमाहरु लाइ जनहि ४०००/- र प्रशंसा पत्र सहित सम्मान गरिएको छ।



छोप्राक स्वास्थ्य चौकी, गोरखाको आयोजनामा सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुको नियमित बैठक संचालन भएको छ।




गल्कोट नगर अस्पतालमा (World Health Organization) को कार्यक्रम (Polio&VPD Surveillance) विषयमा गलकोट नगर अस्पताल, नरेठाटी स्वास्थ्य चौकी, हटिया स्वास्थ्य चौकी, ईमर्जेन्सी पोलिक्लिनिक तथा आरोग्य हस्पिटलको उपस्थितिमा अभिमुखिकरण कार्यक्रम संचालन भएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९३, वर्ष ६, २०८१ जेष्ठ ६, May 19, 2024 आइतबार




स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा आयुर्वेद स्वास्थ्य संस्था सुदृढीकरण कार्यक्रम न्यूनतम सेवा मापदण्ड (MSS) को दोश्रो लेखाजोखा कार्यक्रम जिल्ला आयुवेद स्वास्थ्य केन्द्रमा सम्पन्न भएको छ।




जलजला गाउँपालिका, पर्वत जिल्लालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना पालिका घोषणा गरिएको छ। समारोह जलजला गाउँपालिका वडा नम्बर ३ को वडा कार्यालयमा पालिका खोप समन्वय समितिका अध्यक्षय एवम् पालिका अध्यक्ष राजु प्रसाद आचार्यको अध्यक्षतामा सम्पन्न भएको थियो। उक्त कार्यक्रममा पालिका उपाध्यक्ष दिपक आचार्य, प्रमुख प्रशासकिय अधिकृत फणिन्द्र प्रसाद आचार्य, जिल्ला खोप फोकल व्यक्ति जयन्द्रमान गुरूङ, वडा अध्यक्षहरू, स्वास्थ्य संस्था प्रमुख, अन्य स्वास्थ्यकर्मी महिला स्वास्थ्य स्वयमसेविका साथै वडा खोप समन्वय समिति सद्स्यहरूको उपस्तिथि रहेको थियो।



बिहादी गाउँपालिका, पर्बतको आयोजनामा सुत्केरीसँग उपाध्यक्ष कार्यक्रम विहादी स्वास्थ्य चौकी रानीपानीमा सम्पन्न भएको छ।




**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९३, वर्ष ६, २०८१ जेष्ठ ६, May 19, 2024 आइतबार




राम्जाकोट स्वास्थ्य चौकी, तनहुँ अन्तरगतको सामुदायिक महिला स्वास्थ स्वम्सेविकाहरुलाई २ दिनको एस.यम.एस मार्फत "गर्भवति दर्ता तथा अनुगमन कार्यक्रम" को तालिम संचालन भएको छ।





जिल्ला आयुर्बेद स्वास्थ्य केन्द्र, नवलपरासी पुर्बको आयोजनामा स्थानीय जडीबुटीहरुको पहिचान, संरक्षण, प्रयोग सम्बन्धी अभीमुखिकरण कार्यक्रम हुप्सेकोट गाउँपालिका वडा नं ६ मा सम्पन्न भएको छ।

**आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!**



पैयु आधारभुत अस्पताल, पर्बतको आयोजनामा पैयु ४ मा अध्यक्ष सहितको स्वास्थ्य परिक्षण सहित परिवार स्वास्थ्य प्रोफाईल कार्यक्रम संचालन भएको छ।

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन ।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न ।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न ।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न ।
- मानसिक तनाव कम गर्न ।



पोखरा स्वास्थ्य बिज्ञान प्रतिष्ठान पोखराको एम.डी/एम.एस दोश्रो व्याचका आवासीय चिकित्सकहरूलाई हार्दिक बधाई तथा शुभकामना सहित विदाई कार्यक्रमको आयोजना गरिएको छ।

दादुरा संक्रमित बालबालिकालाई साविक भन्दा बढी पोषिलो खानेकुरा खुवाउने गरौं । दादुरा भएका प्रत्येक बालबालिकालाई स्वास्थ्यकर्मीको सल्लाह अनुसार भिटामिन ए खुवाउनु पर्दछ।



**निशुल्क एम्बुलेन्स सेवाका लागि १०२ मा फोन गर्नुहोस।**

# साप्ताहिक समाचारपत्रिका

अंक १९३, वर्ष ६, २०८१ जेष्ठ ६, May 19, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




केराबारी स्वास्थ्य चौकी, गोरखाको आयोजनामा वडा स्तरीय खाध सुरक्षा तथा पोषण समितिको नियमित मासिक बैठक सन्चालन भएको छ।



विहादी गाउँपालिका, पर्बतले पालिका अन्तर्गतका ६ वटै स्वास्थ्य चौकीहरुलाई प्रविधिमैत्री बनाउने उद्येश्यले १/१ थान ल्यापटप वितरण गरेको छ।



"स्थानिय स्रोतको उपयोग, स्वामित्व र सहभागिता, पूर्णखोप सुनिश्चितता हाम्रो प्रतिवद्धता" भन्ने मुल नाराको साथ जिल्ला पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा समारोहको अवसरमा जिल्ला खोप समन्वय समितिको सचिवालयले अन्नपुर्ण गाउँपालिकालाई खोप कार्यक्रममा जिल्ला भरिकै उत्कृष्ट कार्यसम्पादन गर्ने पालीकाको रुपमा माननिय सामाजिक विकास तथा स्वास्थ्य मन्त्रीको समुपस्थितीमा सम्मानित गरेको छ।




हुग्दीशिर स्वास्थ्य चौकी, बाग्लुङ्गको आयोजनामा सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका बैठक तथा स्वास्थ्य चौकी सञ्चालन तथा व्यवस्थापन समिति बैठक सम्पन्न भएको छ।

# सामाहिक समाचारपत्रिका

अंक १९३, वर्ष ६, २०८१ जेष्ठ ६, May 19, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल





उरामपोखरा स्वास्थ्य चौकि, पर्बतमा नवजात शिशु तथा बाल रोगको एकीकृत व्यवस्थापन कार्यक्रम, स्वास्थ्य संस्थामा २ दिने कार्यस्थल अनुशिक्षण कार्यक्रम सम्पन्न भएको छ।



मनाङ ङिस्याङ गाउँपालिका, मनाङ्गको आयोजनामा पुर्ण खोप सुनिश्चितता तथा दिगोपन घोषणा कार्यक्रम संचालन भएको छ।




पोखरा महानगरपालिका का ३ वटा वडाहरु वडा नं १२ १८ र २९ लाई पूर्णखोप दिगोपनाको सुनिश्चित घोषणा गरिएको छ।



काहुँशिवपुर स्वास्थ्य चौकी, तनहुँको आयोजनामा सुत्केरी आमा र बच्चाको लागि सुत्केरीपश्चातको नियमित रूपमा घरभेट कार्यक्रम सन्चालन भईरहेको छ, जस अन्तर्गत तेस्रो पटकको उत्तरप्रसुति घरभेटमा सुत्केरी पश्चात् अपनाउनु पर्ने स्वस्थ्य बानि व्यवहार र पोषणयुक्त खानपान देखी नवजात शिशुको स्याहारको बारेमा आमालाई सूचित गरिएको छ।

**आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!**

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९३, वर्ष ६, २०८१ जेष्ठ ६, May 19, 2024 आइतबार




बडिगाड गाउपालिका, बाग्लुङ्गको आयोजनामा पोषणमैत्रि नमुना गाउपालिका कार्यक्रम अन्तर्गत बडिगाड गाउपालिका वडा न. १ अन्तर्गत पर्ने ४ वटा प्रा.वि.मा जंङफुड न्युनिकरण र जुकाको औषधिको प्रभाबकारिता सम्बन्धि शिक्षक, अभिभावक र बिद्यार्थी बिच अन्तर्कृया कार्यक्रम सम्पन्न भएको छ।




माछापुच्छ्रे गाउँपालिका, कास्कीको आयोजनामा माछापुच्छ्रे -४ लाहाचोक लाई पुर्ण खोप सुनिश्चितता तथा दिगोपन घोषणा कार्यक्रम लाहाचोक स्वास्थ्य चौकिमा संचालन भएको छ।



जलजला गाउँपालिका वार्ड नम्बर -९, पर्बत अन्तर्गतको बनौं स्वास्थ्य चौकीमा सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुको मासिक बैठक संचालन भएको छ ।



गण्डकी आयुर्बेद औषधालय, कास्कीमा बिबिध सेवा संचालन भईरहेको छ ।



# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९३, वर्ष ६, २०८१ जेष्ठ ६, May 19, 2024 आइतबार



जलजला गाउँपालिका, पर्वतको लेखफांट स्वास्थ्य चौकी अन्तर्गत कार्यरत सामुदायिक महिला स्वास्थ्य स्वयमसेविकाले स्वास्थ्य आमा समुहको बैठक संचालन र स्वास्थ्य शिक्षा कार्यक्रम संचालन भएको छ।

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन ।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न ।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न ।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न ।
- मानसिक तनाव कम गर्न ।




सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशका मन्त्री माननीय सीता कुमारी सुन्दास एवम सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशका सचिव डाक्टर बिनोद बिन्दु शर्माद्वारा बेनि अस्पताल, म्याग्दीको अवलोकन गर्नुभएको छ। सो अवसरमा अस्पतालका विभिन्न बिभाग र सेवाहरुको अवस्था र समस्याहरुको अवलोकन तथा जानकारी गराइएको छ।



# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९३, वर्ष ६, २०८१ जेष्ठ ६, May 19, 2024 आइतबार


हामी तपाईलाई सधै सम्झने छौं।



हेमजा स्वास्थ्य चौकी, कास्कीको आयोजनामा वडा नागरिक कार्यक्रम सम्पन्न भएको छ।



बनौं स्वास्थ्य चौकी, पर्वतको आयोजनामा नियमित उत्तर सुत्केरी जाँच संचालन भएको छ, जसमा आमा र बच्चाको स्वास्थ्य अवस्था, पोषण, स्तनपानका बारेमा स्वास्थ्य शिक्षा प्रदान गरिएको छ।



पर्वत अस्पतालको आयोजनामा विगत १३ महिना देखि कार्यरत डेन्टल सर्जन डाक्टर मानुसी पौडेललाई विदाई तथा फेरि भेटौंला कार्यक्रम सम्पन्न भएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९३, वर्ष ६, २०८१ जेष्ठ ६, May 19, 2024 आइतबार




बेनि अस्पताल, एकद्वार संकट ब्यबस्थापन केन्द्रको आ.ब. २०८०/८१ बार्षिक कार्ययोजना अन्तर्गत अध्ययन अवलोकन भ्रमण यस केन्द्रको सल्लाहकार बेनि अस्पताल ब्यबस्थापन समितिको अध्यक्ष ज्ञानेन्द्र प्रसाद सुबेदि तथा OCMC का संयोजक डाक्टर अन्जु थापा लगाएत सम्पुर्ण सदस्यहरुको उपस्थितिमा कर्णालि प्रदेश अन्तर्गतका बिभिन्न जिल्ला अस्पताल, प्रदेश अस्पताल सुर्खेत अनि कर्णालि स्वास्थ्य बिज्ञान प्रतिस्ठान, जुम्लाको अध्ययन अवलोकन भ्रमण सम्पन्न भएको छ।



स्वास्थ्य कार्यालय, बागलुङको आयोजनामा देशव्यापी रुपमा संचालन हुन गईरहेको पोलियो रोग विरुद्धको आई.पि.भि. खोप अभियान २०८०/८१ सम्बन्धी १ दिने अभिमुखिकरण तथा योजना तर्जुमा गोष्ठी सफलतापूर्वक सम्पन्न भएको छ। २०७३ साल बैशाख देखि २०७५ साल असोज भित्र जन्मिएका बालबालिकाहरुलाई तत्कालिन समयमा खोपको अभाव भई आई.पि.भि. खोप लगाउन छुटेका बालबालिकाहरुलाई लक्षित गरी संचालन गर्न लागिएको यस अभियानद्वारा पोलियो रोगको जोखिममा रहेका बालबालिकाहरुलाई आई.पि.भि. खोप प्रदान गरी पोलियो रोगबाट हुन सक्ने अपाङ्गता तथा मृत्युबाट जोगाउनुको साथै पोलियो रोगलाई संसारबाटै २०२६ सम्म उन्मूलन गर्ने उद्देश्य अनुरुप उक्त कार्यक्रम संचालन भएको थियो। जिल्ला समन्वय समितिका प्रमुख तथा जिल्ला खोप समन्वय समितिका संयोजक आदरणीय अमर बहादुर थापाको प्रमुख आतिथ्यता, धौलागिरी अस्पतालका बालरोग विशेषज्ञ डाक्टर किरण तिवारी, WHO/IPD का SMO डाक्टर स्मृति लामा र गलकोट नगर अस्पतालका डाक्टर कमल न्यौपानेको आतिथ्यतामा संचालित उक्त कार्यक्रमको सहजिकरण स्वास्थ्य कार्यालय बागलुङका खोप सुपरभाइजर राजु खत्रीले गर्नुभएको थियो र कार्यक्रममा गलकोट नगरपालिका र बरेङ गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख, पालिका खोप फोकल पर्सन र स्वास्थ्य संस्थाका प्रमुखहरुको सहभागीता रहेको थियो।



पोखरा महानगरपालिकाका ३३ वटै वडा हरुलाइ पूर्णखोप दिगोपनाको सुनिश्चत गरिएको छ।

# साप्ताहिक समाचारपत्रिका

अंक १९३, वर्ष ६, २०८१ जेष्ठ ६, May 19, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल



बनौं स्वास्थ्य चौकी, पर्वतको आयोजनामा जलजला-८ लुप्राङमा घरधुरी नमूना सर्वेक्षण सम्पन्न भएको छ।



क्षयरोग मुक्त नेपाल घोषणा अभियानका लागि वडा स्तरीय समिति गठन तथा सुक्ष्म योजना तर्जुमा कार्यक्रम फलेवास नगरपालिका वडा नं ४ मुडिकुवाका कार्यबहाक वडाअध्यक्ष देव शर्मा लम्सालको अध्यक्षतामा सम्पन्न भएको छ।



बडिगाड गाउँपालिका स्वास्थ्य शाखाको आयोजना तथा दर्लिङ स्वास्थ्य चौकि, बाग्लुङ्गको समन्वयमा क्षयरोग मुक्त अभियान अन्तर्गत क्षयरोग मुक्त स्थानिय तहको अभियानमा बाग्लुङ जिल्ला बडिगाड गाउँपालिका वडा न. ९ मा वडा स्तरीय क्षयरोग मुक्त अभियान सम्बन्धि समिति गठन तथा २ दिने शुक्ष्म योजना तर्जुमा गोष्ठी सप्पन्न भएको छ।



आधारभूत स्वास्थ्य सेवा केन्द्र खर्बाङ, बाग्लुङ्ग अन्तर्गत सक्न्या मा स्वास्थ्य आमा समूहको बैठक र नियामित गाउँ घर क्लिनिक सम्पन्न भएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९३, वर्ष ६, २०८१ जेष्ठ ६, May 19, 2024 आइतबार




स्वास्थ्य कार्यालय, पर्वतको आयोजनामा जिल्ला स्तरिय बालरोगको एकीकृत व्यवस्थपान कार्यक्रमहरुको समिक्षा तथा योजना तर्जुमा गोष्ठी २०७९/८० स्वास्थ्य कार्यालय पर्वतका निमित्त कार्यलय प्रमुख रघुनाथ रेग्मी अध्यक्षतामा र पर्वत अस्पतालका मेसु डाक्टर हेमन्त बास्तोलाको प्रमूख आतिथ्यता सम्पन्न भएको छ। उक्त कार्यक्रमको सहजीकरण कार्यक्रम संयोजक स्वास्थ्य कार्यालय पर्वतका सिअहेव तेज प्रसाद सुवेदीले गर्नु भएको थियोभने सञ्चालन जनस्वास्थ्य अधिकृत अन्जली पि.सि.ले गर्नु भएको थियो। जिल्लाका सात स्थानीय तहका स्वास्थ्य शाखा प्रमूखहरु , शाखामा कार्यरत कर्मचारीहरु, स्वास्थ्य कार्यालय पर्वतका कर्मचारीहरु गरी २४ जनाको सहभागीता रहेको थियो।



बेसीसहर नगरपालिकाको पारिवारीक स्वास्थ्य प्रोफाईलको प्रारम्भिक नतिजा सार्वजनिकरण कार्यक्रम समपन्न भएको छ।यस कार्यक्रमको अध्यक्षता बेसीसहर नगरपालिकाका नगर प्रमुख गुमान सिंह अर्यालले गर्नुभएको थियो। बिशिष्ठ अतिथिको रुपमा सोही नगरपालिकाका नगर उपप्रमुख पञ्चा गुरुङ, प्रमुख प्रशासकीय अधिकृत चेतनाथ अर्याल तथा स्वास्थ्य निर्देशनालयका स्वास्थ्य प्रशासक डाक्टर रोशन ढकालले गर्नुभएको थियो।बेसीसहर नगरपालिकाका वडा अध्यक्षज्यूहरु तथा विभिन्न शाखा प्रमुख तथा स्वास्थ्य संस्था प्रमुखहरुको सहभागिता रहेको थियो। आशन ग्रहण स्वास्थ्य निर्देशनालयका प्रशासकिय अधिकृत कमल बहादुर के.सी. र ब.क.नि. नविन किरण भुषालले गर्नुभएको थियो। उक्त कार्यक्रममा प्रारम्भिक नतिजाको प्रस्तुतीकरण स्वास्थ्य निर्देशनालयका तथ्याङ्क अधिकृत प्रविण भण्डारीले गर्नुभएको थियो।



स्वास्थ्य कार्यालय, तनहुको प्रमुखको रूपमा बरिष्ठ जनस्वास्थ्य अधिकृत बिध्या तामाङलाई स्वागत गरिएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९३, वर्ष ६, २०८१ जेष्ठ ६, May 19, 2024 आइतबार




हटिया स्वास्थ्य चौकी, बाग्लुङ्गको आयोजनामा बिधालय स्वास्थ्य पोषण सप्ताहको तेस्रो दिन जुकाको औषधि खुवाउने कार्यक्रम संचालन भएको छ।



बनौ स्वास्थ्य चौकी, पर्बत अन्तर्गत वडा न ४ मा महिला स्वस्थ्य आमा समुहमा बाल भिटाको महत्त्व बारे जानकारी दिदै सामुदायिक महिला स्वस्थ्य स्वमसेविका चनमाया चोचाङगि।



तमान स्वास्थ्य चौकी, बाग्लुङ्गको आयोजनामा पोषिलो जाउलो प्रदर्शनी कार्यक्रम संचालन भएको छ।



स्वास्थ्य तालिम केन्द्र, गण्डकी प्रदेश पोखराको आयोजना तथा NSI को प्राविधिक सहयोगमा पोखरा स्वास्थ्य बिज्ञान प्रतिष्ठानमा संचालित ECCT तालिम समापन भएको छ।

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन ।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न ।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न ।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न ।
- मानसिक तनाव कम गर्न ।

**दादुरा मिजल्स् भाइरसबाट हुने अति संक्रामक रोग हो। यो रोग कुनै पनि उमेरको मानिसलाई र विशेष गरि बालबालिकालाई लाग्न सक्दछ । अति संक्रामक भएको कारणले गर्दा, यो रोगले छिट्टै महामारीको रूप लिन सक्दछ ।**

**निशुल्क एम्बुलेन्स सेवाका लागि १०२ मा फोन गर्नुहोस।**

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९३, वर्ष ६, २०८१ जेष्ठ ६, May 19, 2024 आइतबार




बडिगाड गाउपालिका, बाग्लुङ्ग अन्तर्गतका स्वास्थ्य संस्थाहरुको बैशाख महिनाको नियमित मासिक समीक्षा बैठक सम्पन्न भएको छ। यस मासिक समीक्षा बैठकमा ७ वटा स्वास्थ्य चौकी,३ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र र ५ वटा सामुदायिक स्वास्थ्य इकाई हरुको मासिक बैठक बसि मासिक प्रतिबेदन HMIS 9.3, DHIS 2 मा प्रबिस्ठ भएको डाटा, डाटा भेरिफिकेशन एक्सेल सिट, LMIS सम्बन्धि छलफल गर्नुको साथै समीक्षा कार्यक्रममा बैशाख महिनामा उत्कृस्ट कार्य सम्पादन गर्ने १५ वटा स्वास्थ्य सस्था मध्ये आधारभुत स्वास्थ्य सेवा केन्द्र खर्बाङले सबै सुचकहरुमा १०० अङ्क प्राप्त गरि प्रथम स्थान हासील गरि उत्कृस्ट स्वास्थ्य संस्थाको स्थान हासिल गरेको छ।



जाइका पाट्नर्सिप प्रोग्रामद्वारा संचालित मातृशिशु स्वास्थ्यका लागि अबिछिन्न हेरचाह परियोजना अन्तर्गत महिला सामुदायिक स्वास्थ्य स्वयंसेवकहरूलाई स्तरीय दुई दिने COC (Continuum of Care) in Maternal and Child Health तालिम मौजा स्वास्थ्य चौकीको तालिम हलमा संचालन भएको छ।



स्वास्थ्य कार्यालय, कास्कीको आयोजनामा IPV campaign 2081 सम्बन्धि अभिमुकिकरण संचालन भएको छ।



ठुलड़िही स्वास्थ्य चौकी, स्याङ्जाको आयोजनामा विश्व उच्च रक्तचाप दिवसको अवसरमा सचेतनामुलक कार्यक्रम संचालन भएको छ।

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन ।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न ।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न ।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न ।
- मानसिक तनाव कम गर्न ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९३, वर्ष ६, २०८१ जेष्ठ ६, May 19, 2024 आइतबार




ग्वास्लुङ्ग सामुदायिक स्वास्थ्य इकाई, तनहुँ अन्तर्गत रहेको श्री राधा आधारभुत बिद्यालयका ५ वर्ष माथिका बिद्यार्थी शिक्षक शिक्षिकाहरुलाइ जुकाको औषधी (Albendazole) वितरण गरिएको छ।



चुवा स्वास्थ्य चौकी, पर्बतको आयोजनामा श्री मंगलोदय मा.वि.मा जुकाको औषधि खुवाउने कार्यक्रम संचालन भएको छ।



बनौ स्वास्थ्य चौकी, पर्बतको आयोजनामा पोषण साप्ताह अन्तर्गत बनौ मा.बि मा कक्षा ८ र ६ का बिद्यार्थीहरुलाई स्थानिय फलफूल खानाको महत्त्व, जन्क फुडको बेफाइदाका बारेमा जानकारी दिदै स्वास्थ्य शिक्षा कार्यक्रम संचालन भएको छ।



अन्नपुर्ण गाउँपालिका, म्याग्दीको स्वास्थ्य शाखाले विश्व उच्चरक्तचाप नियन्त्रण दिवस २०८१ को अबशरमा बिबिध कार्यक्रमहरु संचालन भएको छ।

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन ।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न ।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न ।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न ।
- मानसिक तनाव कम गर्न ।

# साप्ताहिक समाचारपत्रिका

अंक १९३, वर्ष ६, २०८१ जेष्ठ ६, May 19, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल





बडिगाड गाउपालिका, बाग्लुङ्गको पोषणमैत्रि नमुना गाउपालिका कार्यक्रम अन्तर्गत बडिगाड गाउपालिका वडा न.२ अन्तर्गत पर्ने ४ वटा प्रा वि मा र त्रिभुवन नमुना मा.वि मा जंङफुड न्युनिकरण, जुकाको औषधिको प्रभावकारिता, आइरन तथा फोलिकयसिडको प्रभावकारिता, वालविवाह न्युनिकरणका लागि विद्यालय स्तरिय अतिरिक्त क्रियाकलाप विभिन्न विषयमा शिक्षक,अभिभावक र विद्यार्थीहरु बिच अन्तर्कृया कार्यक्रम संचालन भएको छ।



नारच्यांग स्वास्थ्य चौकी, म्याग्दीमा परिबार नियोजनको इम्प्लाण्ट सेवा नियमित संचालन भएको छ।



हात्तीपाइले रोगका बिरामिलाई self care बारे सिकाईदै @ हटिया स्वास्थ्य चौकी, बाग्लुङ्ग




**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**




**सम्पादक**

नवराज शर्मा

बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत/सूचना अधिकारी
स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश
(गुनासो तथा सुझावका लागि)
https://hd.gandaki.gov.np/feedback
bhumari80@gmail.com